ईटहरी उपमहानगरपालिका

# नगर कार्यापालिकाको कार्यालय

ईटहरी ,सुनसरी

## प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) को प्रस्ताव आव्हानको सुचना

श्री कलाबट टाइम्स दैनिक

प्रथम पटक प्रकाशित मिति: २०७४/११/२४

ईटहरी उपमहानगरपालिकाको क्षेत्र भित्र पर्ने बिद्यमान आयश्रोतको रूपमा लिन सकिने बिभिन्न खोलाहरू ( बुढी, सेहेरा र सेउती ) को बिभिन्न स्थानहरूबाट ढुङ्गा, गीट्टी, बालुवा सकंलन गर्ने सम्बन्धमा बातावरण सरंक्षण ऐन २०५३ तथा बातावरण सरंक्षण नियमाबली २०५४ (संसोधन सहित) को अनुसुची ४ बमोजिम सम्बन्धित निकायले गरेको स्वीकृत कार्यसुची (Terms of Reference) को अधिनमा रही प्रारम्भिक बातावरणीय परीक्षण (Initial Environmental Examination ) गरी सम्बन्धित निकाय बाट स्वीकृत गराउने कार्यको लागि परामर्श सेवाको आबश्यक परेको हुदा प्रचलित कानुन अनुसार रितपूर्बक दर्ता भएको सम्बन्धित ईच्छुक परामर्शदाता, कम्पनी वा फर्महरूबाट प्राबिधिक तथा तल उल्लेखित अधिक्तम आर्थिक प्रस्ताब छुट्टा छुट्टै सिलबन्दी गरी यस इटहरी उप महानगरपालिका, नगर कार्यापालिकाको कार्यालयमा पेश गर्नु हुन आव्हान गरिएको छ । कम्पनिको प्रोफाइल, बिस्तृत कार्यबिधि, लाग्ने समयाबधि र संलग्न अध्ययन टोलीको व्यक्तिक बिबरण सहितको प्रस्ताब यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यलयको बातावरण शाखामा आइपुग्नुपर्नेछ । (स्थानीय /) सम्बन्धित काममा अनुभव प्राप्त र समबन्धित योग्यता र अनुभव भएको परामर्शदाता सलग्न टोली सहितको प्रस्ताबनालाई छनौटमा ग्राह्यता दिईनेछ । कम्पनी दर्ता प्रमाण पत्र ,आयकर भ्याट दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरू पनि प्रस्ताबनासाथ पेश गर्नु पर्ने छ । यस सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| सि.न. | कार्यक्रमको नाम | अनुमानित लागत ने.रू. | कैफियत |
|---|---|---|---|
| ०१ | प्रारम्भिक बातावरणीय परीक्षण प्रतिबेदन तयारी | ४,२१,०००.०० | (अधिक्तम भ्याट बाहेक) |

पुनश्च: यस सुचना बमोजिम परेका कुनै वा सबै प्रस्ताबहरू कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ। बोलपत्र खरीद दस्तुर रू १००० (फिर्ता नहुने गरी) तोकिएको छ ।